नेपाली राजदूतावास
EMBASSY OF NEPAL
VIENNA

## प्रेस विज्ञप्ति

नेपाली राजदूतावास, भियनाले "नेपाल भ्रमण वर्ष २०२०" को सन्दर्भमा नेपालको प्रचारप्रसार तथा पर्यटन प्रवर्द्धनको कार्यलाई दृष्टिगत गरी २०७६ कार्तिक ३० गते अष्ट्रियाको तेस्रो ठूलो शहर तथा अपर अष्ट्रिया प्रान्तको राजधानी Linz मा भव्यताका साथ **Nepal Day** कार्यक्रम सम्पन्न गर्‍यो । Linz नगरपालिकाको प्रेक्षालयमा आयोजित उक्त कार्यक्रममा लिन्ज नगरपालिकाका सदस्य Dr. Franz Leidenmuehler लगायत अष्ट्रियन पाहुनाहरु र अष्ट्रियाका विभिन्न ठाँउहरुमा रहेका नेपाली समुदायहरु गरी ठूलो संख्यामा उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्वोधन गर्दै महामहिम राजदूत प्रकाशकुमार सुवेदीले एक प्रस्तुतिकरण मार्फत नेपालको पर्यटकीय सुन्दरता तथा "नेपाल भ्रमण वर्ष २०२०" को महत्व माथि प्रकाश पार्नुभएको थियो । उहाँले नेपालमा अग्ला हिमश्रृंखलाहरु रहेकोले साहसिक पर्यटकका लागि नेपाल एक महत्वपूर्ण गन्तव्य रहेको कुरा वताउँनुभएको थियो । नेपाल हिमालको देश मात्र नभएर प्राकृतिक सुन्दरता, विशिष्टता र विविधताले भरिपूर्ण देश भएको कुरा उल्लेख गर्दै उहाँले विदेशी पर्यटकहरुलाई नेपालको भ्रमण गर्न आव्हान गर्नुभएको थियो ।

कार्यक्रममा लिन्जका मेयरको प्रतिनिधित्व गर्दै प्रमुख अतिथिको रुपमा उपस्थित City Council का सदस्य Dr. Franz Leidenmuehler ले नेपाली राजदूतावासले पर्यटन सम्वन्धी महत्वपूर्ण कार्यक्रम Linz मा आयोजना गरेकोमा धन्यवाद व्यक्त गर्नुभएको थियो । नेपाल पर्यटकहरुका लागि एक सुन्दर र आकर्षक देश हो भन्ने कुरा आफुलाई जानकारी भएको र भविष्यमा उपयुक्त समय मिल्नासाथ आफुले अवश्य नेपालको भ्रमण गर्ने कुरा Dr. Leidenmuehler ले वताउनु भएको थियो । उहाँले लिन्ज एक ऐतिहासिक तथा औद्योगिक नगर हुनुका साथै विज्ञान र प्रविधिमा समेत एक अग्रणी नगर रहेको वताउँदै उक्त नगरप्रति रुची लिएकोमा नेपाली राजदूतावास र नेपाल सरकारप्रति कृतज्ञता व्यक्त गर्नुभयो ।

नेपाल भ्रमण गरिसक्नुभएकी अष्ट्रियन नागरिक Dr. Christa Nahodil ले नेपालको प्राकृतिक सुन्दरताका वारेमा एक संक्षिप्त प्रस्तुतिकरण दिनुभएको थियो । उहाँले नेपालमा खिचेका विभिन्न फोटो चित्रहरु प्रस्तुत गर्दै आफूले नेपाल भ्रमण गर्दाका अनुभवहरु समेत अभिव्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा पर्यटन प्रवर्द्धन सम्वन्धी Video हरु प्रदर्शनी गरिएको थियो । नेपाली संस्कृति झल्काउने नृत्य प्रस्तुत गरिनुका साथै कार्यक्रमस्थलमा पर्यटन प्रवर्द्धनात्मक समाग्रीहरुको वितरण समेत गरिएको थियो । विदेशी पाहुनाहरुले उक्त पर्यटन प्रवर्द्धनात्मक समाग्रीहरु रुचीका साथ लगेका थिए ।

२०७६ मंसीर २
भियना, अष्ट्रिया ।

schwindgasse 5/1/6, 1040, Austria, Tel.: +431235027501, E-mail: mission@nepalmission.at